**श्री**

**उच्च अदालत जनकपुर**

**संयुक्त इजलास**

ईजलास नं. :- ५

**माननीय न्यायाधीश श्री नरिश्वर भण्डारी**

**माननीय न्यायाधीश श्री खेम राज भट्ट**

**आदेश**

निर्णय.नं.: ३५४

०७८-FJ-००६०

र.न. ०६-०७८-०२१७७

जगदेव मिश्रको छोरा जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ मा वस्ने वर्ष ६३ को ब्रहमदेव मिश्र.........................................................१ } **निवेदक**

**विरुद्ध**

जिल्ला निर्वाचन कार्यालय, धनुषा..............................................................१

ऐ. कार्यालयका प्रमुख........................................................................१

प्रमुख निर्वाचन अधिकृतको कार्यालय, धनुषा.................................................१

ऐ. कार्यालयका प्रमुख निर्वाचन अधिकृत.....................................................१

जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ मा वस्ने किशुन यादवको छोरा अ. वर्ष ४० को पुण्यप्रताप यादव.......................................१

} **विपक्षी**

**मुद्दाः- मतगणना बदर पुनः मतगणना गरी पाउँ।**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) तथा निर्वाचन(कसूर र सजाय) ऐन,२०७३ को दफा ४४ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर आदेश र तपसिल यस प्रकार रहेको छः-

## तथ्य खण्ड

**निवेदनपत्रः**

१. मिति २०७९।१।३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ को वडा अध्यक्ष पदमा नेपाली कांग्रेसको तर्फबाट म निवेदक उम्मेदवार रहेको थिए। जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ अन्तर्गत सडक डिभिजन कार्यालयमा क, ख मतदान केन्द्र, ग्रामीण विकास केन्द्रमा क, ख मतदान केन्द्र र जनता मा.वि. रजौलमा मतदान केन्द्र रहेकोमा सडक डिभिजन कार्यालय क मतदान केन्द्रमा ४०५ मत खसेको, ख केन्द्रमा ३४२ मत खसेको, ग्रामीण विकास केन्द्रको क मतदान केन्द्रमा ५३६ र ख मा ५५५ मत खसेको थियो भने जनता मा.वि. रजौलमा ७२० मत खसेको थियो। उक्त निर्वाचन प्रकृयामा जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ मा वडा अध्यक्ष पदमा म उजुरीकर्ता समेतका ११ जना उम्मेदवार मुख्य प्रतिस्पर्धामा थियौं। जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ मा रहेका मतदाता मध्य मतदान हुँदा तीन वटा बुथमा जम्मा २५५८ मत खसेको थियो। मतगणना कार्य मिति २०७९।२।८ गते बाटै प्रारम्भ भयो। मतगणना गर्दै जाँदा विपक्षी निर्वाचन अधिकृतको मिलोमतोमा विपक्षी पुण्यप्रताप यादवलाई जिताउने मनसाय बाट मेरो सदर मतलाई बदर र विपक्षीको बदर मतलाई सदर कायम गरी गणक कर्मचारीहरुले जथाभावी बदमासी गर्न थाले पछि मेरो प्रतिनिधिले मुचुल्कामा सही नगरी पुनः मत गणनाको लागि बारम्बार अनुरोध गर्दा नमानी एकतर्फी ढङ्गले मतगणना गरी मिति २०७९।२।९ गते दिउसो ३ बजेको समयमा पुण्य प्रताप यादवलाई विजय भएको घोषणा गर्नुभयो। मैले लगायत अन्य उम्मेदवार प्रतिनिधिले बारम्बार विरोध गर्दा पनि नमानी गलत मानिसलाई राखी मतगणक कर्मचारी, निर्वाचन अधिकृत र विपक्षी एवम् गणकको मिलोमतोमा सदर मतलाई जवरजस्ती बदर भनी घोषणा गर्दै जानुभयो। मेरो विरोधको कुनै सुनुवाई भएन। विपक्षी निर्वाचन अधिकृतले खसेको २५५८ मत मध्ये केही मत मात्र गणना गरी बाँकी १० मत गणना नगरी मुचुल्का बनाउँदा गलत र बदनियतपूर्ण ढङ्गले २५५८ मत गनेको भनी उल्लेख गर्नुभएको छ। जबकि सो मतदान केन्द्रमा २५५९ मतपत्र फेला परेको थियो। बदर मतपत्र र सदर मतपत्रको कूल गणना गर्दा खसेको मत भन्दा अधिक मत पत्र फेला परेको अवस्था छ।

२. अतः माथि उल्लेख भए अनुसार म उजुरीकर्ताले प्राप्त गरेको सम्पूर्ण सदर मत मध्ये २० वटा मतपत्र बदर गरेकोमा १८ वटा मेरो सदर मत विपक्षीको मतमा गणना गरेको र सम्पूर्ण मत गनेको मुचुल्का गरे पनि २५५८ मत भन्दा कम मत मात्र गणना गरी गलत मुचुल्का बनाई विपक्षीले लोकतान्त्रिक मूल्य र मान्यता विपरीत विवेकपूर्ण तरीकाले कार्य नगरी म उपर अन्यायपूर्ण कार्य गरेको हुँदा सम्पूर्ण विपक्षीलाई यस अदालतमा झिकाई मिति २०७९/१/३० मा सम्पन्न जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं.

१४ अन्तर्गत मतदान केन्द्रमा भएका मतदान प्रकृया, मतगणना प्रकृया मुचुल्का, मतपत्र समेतका सम्पूर्ण कागजात झिकाई सम्पूर्ण मतगणना कार्य बदर गरी विपक्षी विजयी भएको घोषणा समेत बदर गरी पुनः मतगणना गरी पुनः मतगणना कार्यबाट हुने परिणाम अनुसारको म निवेदकलाई निर्वाचन अपराध सजाय ऐन २०७३ को दफा ४४ को देहाय ५ अनुसार निर्वाचित भएको घोषणा गरी पाउँ। प्रस्तुत मुद्दाको कार्वाही चली पुनः मतगणनाको कार्य गरी अन्तिम निर्णय हुन समय लाग्ने हुँदा गैर-कानूनी तरिकाले विजयी भएका व्यक्ति विपक्षी पुण्यप्रताप यादवले वडा अध्यक्षको हैसियतले काम गरिरहँदा प्रस्तुत निवेदनको माग दावी समेत निरर्थक हुन जाने हुँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागे सम्म, जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ को वडा अध्यक्षको हैसियतले काम नगर्नु, मतगणना सम्बन्धी कार्य यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाउमा अन्तरकालीन अन्तरिम आदेश जारी गरी पाउँ। मुद्दाको गम्भीरतालाई मध्यनजर गरी प्रस्तुत निवेदनलाई अग्राधिकार दिई सुनवाई गरी पाउँ भन्ने व्यहोराको ब्रह्मदेव मिश्रको **निवेदन पत्र**।

**यस अदालतवाट जारी भएको कारण देखाउ र अन्तरिम आदेशः**

३. यसमा के कसो भएको हो? उजुरीपत्र माग बमोजिम निर्वाचन परीणाम किन बदर हुनु नपर्ने हो? निर्वाचन परीणाम बदर हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र विपक्षी नं. १,२,३ र ४ ले उच्च सरकारी वकील कार्यालय जनकपुरमार्फत र विपक्षी नं. ५ ले आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र उजुरीपत्रको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

४. साथै यसमा निवेदकले जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. १४ को स्थानीय निर्वाचन मतगणनाको कार्य बदर गरी दोहोर्याई मतगणना गराई पाउँ भनी दिएको उजुरीको अन्तिम किनारा नलागुन्जेल सम्मको लागि विपक्षी पुण्यप्रताप यादवलाई वडाअध्यक्षको कार्यभार रोक्का राख्ने आदेश जारी गरीपाउँ भन्ने निवेदन मागका सन्दर्भमा विचार गर्दा, निर्वाचन आयोगले जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. १४ को वडा अध्यक्षमा विपक्षी पुण्यप्रताप यादवलाई निर्वाचित भनी निर्वाचन आयोगको आधिकारी वेबसाइट https://election.gov.np मार्फत घोषित भएका वडा अध्यक्षलाई पद अनुसारको काम गर्न रोक लगाउँदा वडावासी एवं सर्वसाधारणले पाउनुपर्ने सेवाबाट वञ्चित हुनुपर्ने देखिएको र मुद्दाको अन्तिम किनारा हुँदाको अवस्थामा निवेदकले उठाएको सम्पूर्ण विषयवस्तुमा सम्बोधन हुने नै हुँदा सुविधा र सन्तुलनको दृष्टिबाट हाललाई निवेदन माग वमोजिमको अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने मिति २०७९।२।१६ मा भएको आदेश।

**विपक्षीहरुको लिखित जवाफः**

५. मतगणना शुरु गर्नु भन्दा अघि निर्वाचन अधिकृतले निर्वाचनमा सहभागी सबै दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरुलाई भेला गरी सर्वदलीय बैठक गरी मतगणना गर्ने तरिका तथा सदर मत र बदर मतको निर्धारण स्थानीय तह निर्वाचन ऐन, २०७३ तथा स्थानीय तह निर्वाचन निर्देशिका,२०७८ मा तोकिए बमोजिम नै गर्ने सहमती गरी मतगणनाका लागि मतगणना टोली गठन गरी मतगणना शुरु गरिएको थियो। मतगणना गर्दा स्थानीय तह निर्वाचनसँग सम्बन्धित सबै ऐन, नियम, निर्देशिकाको पूर्ण पालना गरी कानूनको अधिनमा रही स्थानीय तह निर्वाचन निर्देशिका,२०७८ को परिच्छेद १२ का सम्पूर्ण प्रकृयाको परिपालना गरी मतगणना शुरु गरी मतगणना सम्पन्न भएको हो।

६. जनकपुरधाम उपमहानगरपालिकाको स्थानीय तह निर्वाचन सम्पन्न भई मतगणना कार्य सर्वदलीय बैठकको निर्णय र सहमती बमोजिम शुरु भएको हो। वार्ड नं. १४ को मतगणना गर्ने पालो आए पछि सबै दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारलाई आ-आफ्नो मतगणना प्रतिनिधि नियुक्त गर्न निर्वाचन कार्यालयबाट सूचना जारी गरे पछि मैले मतगणना प्रतिनिधिको रुपमा नियुक्त गरेको थिए भने विपक्षीले समेत मतगणना प्रतिनिधि नियुक्त गरेका थिए र मतगणनामा आफू पनि बसेका थिए। वार्ड नं. १४ को उम्मेदवार, उम्मेदवारका प्रतिनिधिहरुको सम्मूख मतगणना भई राजनैतिक दलका उम्मेदवार, स्वतन्त्र उम्मेदवार र उम्मेदवारको प्रतिनिधिहरुको रोहवरमा निर्वाचन अधिकृतबाट परिणाम घोषणा भई म निर्वाचित भएको हुँ। म लिखित जवाफकर्ता निर्वाचित भए पछि मलाई विजयी घोषणा गरी प्रमाण पत्र दिई मैले कानून बमोजिम पद तथा गोपनियताको शपथ खाई आफ्नो कार्य क्षेत्रमा गई कार्यभार सम्हाली सकेको हुँ। मतदान, मतगणना, परिणाम घोषणा लगायतका निर्वाचनसँग सम्बन्धित सम्पूर्ण काम कानून, विधि प्रकृया, निर्वाचन निर्देशिका बमोजिम नै सम्पन्न भएको हो। निवेदकले दावी गरे बमोजिम मलाई जबर्जस्ती विजयी घोषणा गरिएको होइन। म स्वतन्त्र, निष्पक्ष तथा पारदर्शी निर्वाचनबाट जनताले मत दिई निर्वाचित गराई पठाएको प्रतिनिधि हुँ। निवेदकले झुठ्ठा व्यहोरा उल्लेख गरी दायर गरेको निवेदन बदरभागी छ भन्ने व्यहोराको **पुण्य प्रताप यादवको लिखित जवाफ**।

७. आयोगले स्थानीय तह निर्वाचनसँग सम्बन्धित कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ र स्थानीय तह निर्वाचनको मतगणना सम्बन्धी कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ बनाई लागू गरेको हुँदा सो बमोजिम सम्बन्धित निर्वाचन अधिकृतबाट भएको निर्वाचन सम्बन्धी कार्य विधिसम्मत हुने भएकोले निजहरुबाट कानून बमोजिम भए गरेका काम कारवाहीलाई अन्यथा भन्न मिल्ने देखिंदैन। स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी आयोगबाट बनाई जारी गरिएका स्थानीय तह निर्वाचन निर्देशिका, २०७८, स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन (

मतगणना) निर्देशिका, २०७८ बमोजिमका कानूनी प्रकृयाहरु बमोजिम स्थानीय तह निर्वाचन सम्पन्न गराउने अख्तियार आयोगबाट सम्बन्धित स्थानीय तहमा खटिएका निर्वाचन अधिकृतको रहने हुँदा विपक्षी वडाअध्यक्षको उम्मेदवार रहेको वडाको मतगणना सम्बन्धी विषयमा उजूर गर्न जाँदा यस निर्वाचन कार्यालयलाई विपक्षी बनाइरहनु पर्ने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेजभागी छ। निवेदन दावी बमोजिम मतगणना रद्द गरी पुनः मतगणना गर्नुपर्ने उल्लिखित अवस्था नभएकोले विधिसम्मत रुपमा सम्पन्न भएको मतगणना बदर गर्नुपर्ने कुनै कारण छैन। पुनः मतगणना गरिपाउँ भनी निवेदन दिएको विषय कानून सम्मत नभएकोले उक्त निवेदन खारेजभागी छ भन्ने व्यहोराको **प्रदेश निर्वाचन कार्यालय समेतको लिखित जवाफ।**

८. बिजयी उम्मेदवार जसको कूल प्राप्त मत संख्या ४१० रहेको भन्दा ९ मत कम अर्थात ४०९ मत प्राप्त गरेका यी निवेदक मतगणनाका प्रत्येक चरणमा आफ्ना प्रतिनिधिलाई सहभागी गराएका थिए। निर्वाचनमा जनताले प्रकट गरेको अभिमतलाई प्रजातान्त्रिक अभ्यासको रुपमा स्वीकार्नुको सट्टा आधारहिन र कपोकल्पित लाञ्छना लगाउने, सदर मतलाई बदर र बदर मतलाई सदर गरी जम्मा खसेको भन्दा कम मत मात्र गणना गरी मत परिणाम घोषणा गरेको भ्रमपूर्ण आरोप लगाउने अभिव्यक्ति सहितको निवेदन प्रथम दृष्टिमै खारेज भागी रहेको छ। मतगणनाका प्रत्येक चरण र अवधिको सम्पूर्ण गतिविधि श्रव्यदृश्य सहितको **CCTV** द्वारा प्रदर्शित गरिएको तथा निर्वाचन आयोगद्वारा निगरानी गरिएको अवस्थाले समेत समग्र मतगणना कार्य निष्पक्ष र पारदर्शी रहेको यथार्थतालाई नजर अन्दाज गरी निवेदकले अनावश्यक विवाद गरी आरोप लगाई झुटा दाबी पेश गरेको देखिन्छ। निवेदनमा उल्लेखित व्यहोराबाट सम्मानित अदालतलाई समेत गुमराहमा राख सकिन्छ कि भनी दोहो-याई मतगणनाको माग गर्ने यी निवेदक सफा हात लिई अदालत प्रवेश गरेको अवस्था समेत नदेखिंदा प्रस्तुत निवेदन माग उपर कुनै आदेश जारी हुनुपर्ने होईन्। उल्लिखित विवरण एवं तथ्यको आधारमा प्रस्तुत निवेदन दावी खारेज गरी पाउँ भन्ने व्यहोराको **मुख्य निर्वाचन अधिकृतको कार्यालय समेतको लिखित जवाफ लिखित जवाफ।**

९. प्रस्तुत मुद्दामा मत गणना सुरू भए देखि मतगणना सम्पन्न भै मत परिणाम घोषणा भए सम्मको मुचुल्काहरू समेत जिल्ला निर्वाचन कार्यालय, धनुषाबाट झिकाई आएपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७९।५।१५ को आदेश।

१०. यसमा मतगणना सुरु भएदेखि मतगणना सम्पन्न भै परिणाम घोषणा भएसम्मका मुचुल्काहरु झिकाउने भन्ने मिति २०७९/५/१५ मा आदेश भएकोमा आदेश बमोजिम स्थानीय तह निर्वाचन निर्देशिका,२०७८ को अनुसूची ५६, ५७ र ५८ बमोजिमको मतगणना सम्बन्धी अनुसूचीहरु प्राप्त भएको नदेखिँदा उक्त अनुसूची फारमहरु जिल्ला निर्वाचन कार्यालय

धनुषाबाट झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०८०।११।०४ को आदेश।

## ठहर आदेश खण्ड

११. नियम बमोजिम सप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा उजुरीपत्रसहितको मिसिल र मतगणना सम्बन्धी कागजात समेत अध्ययन गरियो ।

१२. निवेदकको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री चन्द्र कुमार शर्माले उजुरीकर्ताले वडा अध्यक्षको पदको निर्वाचनमा प्राप्त गरेको सम्पूर्ण सदर मत मध्ये २० वटा मतपत्र बदर गरेको र १८ वटा मेरो सदर मत विपक्षीको मतमा गणना गरी तथा सम्पूर्ण मत गणना भएको मुचुल्का गरे पनि २५५८ मत भन्दा कम मत मात्र गणना गरी गलत मुचुल्का बनाई विपक्षी पुण्य प्रताप यादवलाई वडा अध्यक्ष पदमा विजयी घोषणा गरिएकोले मिति २०७९/१/३० मा सम्पन्न जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं. १४ अन्तर्गतका मतदान केन्द्रमा भएका निर्वाचनको मतगणना बदर गरी विपक्षी विजयी भएको घोषणा समेत बदर गरी पुनःमतगणना गरी निवेदकलाई विजयी घोषणा हुनेगरी आदेश हुनु पर्छ भनी बहश प्रस्तुत गर्नु भयो ।

१३. विपक्षी पुण्य प्रताप यादवको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विनोद कुमार शर्मा र विद्वान अधिवक्ता श्री दिपक वहादुर के.सी तथा विपक्षी मुख्य निर्वाचन अधिकृतको कार्यालय समेतको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय जनकपुरका विद्वान सहन्यायाधिवक्ता श्री कोषहरी निरौलाले मतदान, मतगणना, परिणाम घोषणा लगायतका निर्वाचनसँग सम्बन्धित सम्पूर्ण काम कानून, विधि प्रकृया, निर्वाचन निर्देशिका बमोजिम नै सम्पन्न गरी सबैभन्दा वढी मत प्राप्त गर्ने उम्मेदवारलाई १४ नम्बर वडा अध्यक्ष पदमा विजयी घोषणा भएको, निवेदकले दावी गरे अनुसार जबर्जस्ती विजयी घोषणा नगरिएको, सबै उम्मेदवारका प्रतिनिधिको रोहवरमा कर्मचारीले उक्त कार्य निष्पक्षतापूर्वक सम्पन्न गरेको र निवेदकले भने जस्तो कार्य हुने संभवना नै नरहेको र उक्त निर्वाचनको सम्पूर्ण सञ्चालन,रेखदेख, अनुगमन तथा सदर वा बदर विवादको निरोपण गर्ने काम मुख्य निर्वाचन अधिकृतको हैशियतमा माननीय जिल्ला न्यायाधीशले गरेको अवस्था हुँदा निवेदकको दावी विश्वसनीय र यथार्थतामा आधारित नरहेकोले निवेदन दावी खारेज हुनु पर्छ भन्ने समेत ब्यहोराको बहश गर्नु भयो ।

१४. उपरोक्त तथ्य र बहश बुँदा रहेको प्रस्तुत निवेदनमा निवेदकको माग दाबीबमोजिम मतगणना बदर गरी पुनः मतगणना गर्नु पर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

१५. निर्णय तर्फ विचार गर्दा, प्रस्तुत निवेदनमा मिति २०७९।१।३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिका वडा नं.

१४ को वडा अध्यक्ष पदमा नेपाली कांग्रेसको तर्फबाट म निवेदक उम्मेदवार रहेकोमा तोकिएको मिति समयमा नै जनकपुरधाम मतदान भई मतगणना हुँदा उजुरीकर्ताले प्राप्त गरेको सम्पूर्ण सदर मत मध्ये २० वटा मतपत्र बदर गरी १८ वटा आफ्नो सदर मत विपक्षीको मतमा गणना गरेको र सम्पूर्ण मत गणना गरेको मुचुल्का गरे पनि २५५८ मत भन्दा कम मत मात्र गणना गरी गलत मुचुल्का बनाई विपक्षी पुण्य प्रताप यादवलाई घोषणा गरेको अलोकतान्त्रिक र कानून विपरीत रहेकोले सो मतगणना कार्य र विपक्षी विजयी भएको घोषणा समेत बदर गरी पुनः मतगणना गरी निवेदकलाई विजयी घोषणा गरी पाउँ भन्ने निवेदन/उजुरी दावी रहेको छ । मतदान, मतगणना, परिणाम घोषणा लगायतका निर्वाचनसँग सम्बन्धित सम्पूर्ण काम कानून, विधि प्रकृया, निर्वाचन निर्देशिका बमोजिम नै सम्पन्न भएको, निवेदकले दावी गरे बमोजिम विपक्षी पुण्य प्रताप यादवलाई जबर्जस्ती विजयी घोषणा नगरिएको, स्वतन्त्र, निष्पक्ष र पारदर्शी रुपमा निर्वाचन सम्पन्न भएको, मतगणनाका प्रत्येक चरण र अवधिको सम्पूर्ण गतिविधि श्रव्यदृश्य सहितको **CCTV** द्वारा प्रदर्शित गरिएको तथा निर्वाचन आयोगद्वारा निगरानी गरिएको अवस्थाले समेत समग्र मतगणना कार्य निष्पक्ष र पारदर्शी रहेको यथार्थतालाई नजर अन्दाज गरी निवेदकले अनावश्यक विवाद गरी आरोप लगाई झुटा दावी पेश गरेकोले सो निवेदन दावी खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ रहेको देखिन्छ ।

१६. मतगणना सम्बन्धमा भएका कानूनी प्रावधान अवलोकन गर्दा, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५२ को उपदफा (१) मा ***"कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेद\वार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोर्याईई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित लिखित निवेदन दिन सक्नेछ"*** भन्ने र स्थानीय तह निर्वाचन(मतगणना) निर्देशिका, २०७८ को दफा ३४ को उपदफा (१) मा ***"कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोर्याईई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६२ बमोजिमको निवेदन दिन सक्नेछ"*** भन्ने रहेको देखिन्छ। उक्त कानूनी ब्यवस्था बमोजिम मतगणनामा चित्त नबुझ्ने उम्मेद्वाचरले सम्बन्धित निर्वाचन अधिकृत समक्ष मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र शीलबन्दी गर्नु भन्दा अगाबै दोहोर्याअई मतगणनाको लागि निवेदन दिनुपर्ने देखिन्छ । सो बमोजिम जनकपुर उपमहानगरपालिका वडा नं. १४ को वडाअध्यक्ष पदको मतगणनाको क्रममा दोहोर्या ई मतगणना गरी पाउन माग गरी तत्कालै यी निवेदकको तर्फबाट मुख्य निर्वाचन अधिकृत समक्ष निवेदन परेको तथ्य स्थापित हुन सकेको देखिदैन । मतगणना कार्यमा कुनै असहमती भई दोहोर्यादई मत गणना गर्नु पर्ने अवस्था भएको भए निश्चय नै मौकामा नै

निवदेन दिने परिस्थिति हुने थियो । मौकामा निवेदन दिंदा लिन नमानेको भन्ने निवेदकको दावी रहेको भएता पनि विपक्षीहरुले उक्त दावीलाई अस्वीकार गरेको देखिन्छ। मौकामा दोहोर्यानई मतगणना गरिपाउँ भनी दिएको निवेदन लिन इन्कार गरेको भन्नेछ दावीलाई पुष्टी गर्ने विश्वासनीय आधार र प्रमाण निवेदकले पेश गर्न सकेको समेत देखदैन। स्थानीय तहको निर्वाचनमा एउटै मतपत्रको पानामा विभिन्न पदको मतपत्र समावेस भएको र सबै पदको एकै पटक मतगणना भएकोमा अन्य पदका उम्मेदवारको तर्फबाट मतपत्र संख्या घटीबढी भएको वा मतगणनामा अनियमितता भएको भनी उजुर परेको अवस्था पनि देखिदैन ।

१७. मतदान शुरु हुनु भन्दा अगाडि देखि मतदान प्रारम्भ हुनु भन्दा अगाडि मतपेटिकाको शील बन्द गर्दा, मतदानको क्रममा, मतदान पश्चात मतपेटिकाको शीलबन्दी गर्दा मतगणना स्थलसम्म मतपेटिका ल्याँउदा, मतगणनाका लागि मतपेटिकाको शील खोल्दा, मतगणनाका क्रममा र मतगणना सम्पन्न भए पश्चात गणना भएका मतपत्रलाई शीलबन्दी गर्दा हरेक चरणमा उम्मेद्वामर वा राजनैतिक दलका प्रतिनिधि रोहवरमा रहन पाउने कानूनी व्यवस्था रहेको हुँदा यदि उपरोक्त बमोजिमको कुनै अवस्थामा मतपत्रका सम्बन्धमा अनियमितता भएको भए चित्त नबुझ्ने उम्मेद्वानरको तर्फबाट तत्क्षणमै मतदान अधिकृत/मतगणना अधिकृत वा निर्वाचन अधिकृत समक्ष उजुर वाजुर गर्न पाउने अवस्था रहेकोमा सो बमोजिम मौकामा उजुर परेको भन्ने अवस्था पनि देखिदैन ।उम्मेद्वा्रको प्रतिनिधिको रोहवरमा रहेको सिलबन्दी मतपेटिका भित्र रहेको मतपत्रलाई सहजै रुपमा अन्यथा गर्न सक्ने अवस्था पनि हुँदैन । मतपेटिका सुरक्षण शील दुरुस्त नभएको वा मतपेटिका तोडफोड भएको भन्ने निवेदकको दावी रहेको पनि देखिदैन। मतदानका क्रममा मतदान कर्मचारीले मतदाता नामावलीमा रेजा लगाउँदा भिडभाडका कारणले त्रुटी हुन सक्ने भएकोले मतदान केन्द्रबाट उल्लेख गरेको मतदान भएको भनिएको मतपत्र संख्यासँग मतपेटिका भित्र रहेको मतपत्रको संख्या नभिड्न पनि सक्तछ । अन्यथा प्रमाणित नभएसम्म मतपेटिका भित्र रहेको मतपत्रको संख्या नै बास्तविक मतदान भएको मतपत्रको संख्या भनेर मान्नु पर्ने हुन्छ । यसै क्रममा निर्वाचन आयोगको च.नं. ०७८/०७९ म.मा./२६१, मिति २०७९/०१/२९ गते निर्वाचन अधिकृतहरुलाई दिएको निर्देशनको बुदा नं. २४ मा मतदान अधिकृतले मतदान केन्द्रमा खसेको मतको संख्याबारे निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराएको विवरण र मतपेटिकामा, रहेको मत संख्याको विवरण नभिडेको अवस्थामा रितपूर्वक मतदान कार्य सम्पन्न भई मतपेटिका शीलबन्दी गरिएको र मतपेटिकामा लगाईएको सुरक्षण शील दुरुस्त रहेको अवस्थामा मतपेटिकामा रहेको मतपत्र संख्या नै मतदान भएको वास्तविक मतपत्र संख्या मानी सोही बमोजिम गणना गर्ने भनी परिपत्र भएको अवस्था समेत देखिन्छ। मतगणनाको क्रममा कुनै उम्मेदवार वा निजको प्रतिनिधि अनुपस्थित रहेकै कारणले उक्त मतगणना कार्यले मान्यता नपाउने भन्नो पनि हुदैन।

१८. निवेदकले आफ्नो २० मत बदर गरी विपक्षीको १८ मतमा सदर गरेको तथा मतदान भएका सबै मतपत्रको गणना समेत नगरी मत परिणाम घोषणा गरिएको समेत त्रुटीपूर्ण रहेको भन्ने दावी रहेकोमा बस्तुतः मत बदर हुने वा नहुने विषय निर्वाचन ऐन, मत गणना सम्बन्धी निर्देशिका, निर्वाचन आयोगले जारी गरेका परिपत्र, राजनैतिक दल, उम्मेदवार र उम्मेदवारका प्रतिनिधि बीच हुने सहमतिमा पनि निर्धारित हुने गर्दछ । तत्काल भएको सहमति मत गणना भैसकेपछि वा परिणाम घोषणा भैसकेपछि वा उजुरी परी निरोपण हुने अवस्थामा कायम रहिरहने अवस्था पनि रहदैन। यस आधारमा पनि निवेदकको दावी मनासिव देखिन आउदैन ।

१९. मतगणना सम्बन्धी अनुसूची-१० बमोजिमको फाराम लगायतका अनुसूची-१४, १५, १९ र २२ का मुचुल्काहरुमा दलका प्रतिनिधिहरुले दस्तखत गरेको देखिन्छ। मत परिणाम घोषणा गर्ने समयमा यी निवेदकको प्रतिनिधि बाहिर निस्की गएको र यदि मतगणना कार्यमा कुनै कैफियत भएको भए उम्मेद्वा्र वा दलका प्रतिनिधिहरुले मौकैमा दावी विरोध गर्ने वा मुचुल्कामा कैफियत जनाई हस्ताक्षर गर्ने अवस्था हुने थियो । सो स्थिति नदेखिएबाट पनि मतदान भएको मतपत्र संख्या फरक परेको र मतगणनामा अनियमिता भएकोले पुनः मतगणना गर्नु पर्ने भन्ने निवेदकको दावीसँग सहमत हुन सकिएन।

२०. उपरोक्त आधार, कारण एवं मतगणना सम्बन्धी फारम एवं मुचुल्कालाई हेर्दा, निवेदक उम्मेद्वापर रहेको जनकपुर उप महानगरपालिका वडा नं. १४ को वडा अध्यक्ष पदको मतगणना कानून विपरीत भएको नदेखिएको, मतगणना सम्बन्धी मुचुल्का कागजात हेर्दा निवेदक र विपक्षी निर्वाचित उम्मेद्वा,र पुण्य प्रताप यादवले उक्त वडा नं. १४ को वडा अध्यक्षको पदमा निर्वाचन परिणाम घोषणामा उल्लेख भए अनुसारकै मत प्राप्त गरी सवै भन्दा धेरै मत प्राप्त गरी वडाध्यक्षको पदमा विजयी भएको देखिएको र निवेदकको माग बमोजिम दोहोर्याई मतगणना गर्नु पर्ने सम्मको आधार र अवस्था नदेखिदा निवेदकको दावी पुग्न सक्ने अवस्था देखिएन ।

२१. अतः माथि उल्लेखित आधार र कारणबाट निवेदकको माग बमोजिम दोहो¬र्याई मतगणना हुनुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदनमा निवेदकको दाबी पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसील खण्ड**

- माथि ठहर आदेश खण्डमा उल्लेख भए अनुसार निवेदकको दावी पुग्न नसक्ने ठहर भएकोले प्रस्तुत निवेदनपत्रको रोहबाट दोहो¬र्याई मतगणना गरिरहनु परेन ।
- माथि ठहर खण्डमा उल्लेख भए अनुसार निवेदन दावी पुग्न नसक्ने ठहरेकाले निवेदकले प्रस्तुत उजुरी गर्दा र.न. २५७ मिति २०७९।२।१३ बाट राखेको धरौटी रु. १५,०००।— जफत गरी राजस्वमा सदर स्याहा गर्नु भनी यस अदालतको लेखा शाखामा लेखी पठाउनू।

- आदेशको प्रमाणित प्रतिलिपिसहित प्रस्तुत आदेशको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई पठाई दिनू ।
- सरोकारवालाले आदेशको नक्कल माग गरेमा उच्च अदालत नियमावली, २०७३ को परिच्छेद १२ को प्रक्रिया पूरा गरी नक्कल दिनू ।
- प्रस्तुत आदेशको विद्युतीय प्रति अदालतको मुद्दा व्यवस्थापन सफ्टवेयरमा अपलोड गरी आदेशको पिठमा जनाउनू ।
- प्रस्तुत आदेश प्रमाणीकरण भएपछि यस अदालतको वेभसाइट र सूचना पाटीमा विवरण प्रकाशित गर्नू ।
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी निवेदनपत्र सहितको रेकर्ड मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू ।

(नरिश्वर भण्डारी)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

(खेम राज भट्ट)
**न्यायाधीश**

**आदेश लेखनमा सहयोग गर्नेः-**
शाखा अधिकृतः- निशी झा
कम्प्युटर अपरेटरः- सुभाष चौधरी

**इति सम्वत् २०८० साल चैत २१ गते रोज ४ शुभम् ..................................।**

आदेश प्रमाणीकरण मितिः २०८१।३।६ न्यायाधीश अदालतको छाप